# आयोजना कार्यान्वयन निर्देशनालयको सूचना

काठमाडौं उपत्यकामा मेलम्ची खानेपानी आयोजनाको कार्यान्वयन अहिले तिब्र गतिमा भइरहेको छ । आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) ले मेलम्ची खानेपानी उप-आयोजना दोस्रो अन्तर्गत उपत्यकाका विभिन्न स्थानहरुमा खानेपानीको थोक वितरण प्रणाली र वितरण प्रणाली सुधारको पाइपलाइन बिच्छ्याउने कार्य  हाल अन्तिम चरणमा पुऱ्याएको छ । यसैगरी निर्देशनालयले उपत्यकाका बालाजु, बाँसबारी, पानीपोखरी, खुमलटार, आरुबारी, महांकालचौर, टिगनी, कटुञ्जे र किर्तीपुरमा गरी नौ वटा ठूला पानी पोखरीहरुको निर्माण गरिरहेको छ। यी पोखरीहरुमध्ये पाँचवटा पोखरीहरु लगभग तयारी अवस्थामा पुगिसकेका छन् ।

निर्देशनालयले सर्वसाधारणलाई मेलम्ची आयोजनाबाट प्राप्त हुने वैज्ञानिक तथा समानुपातिक रुपमा वितरण गर्नका लागि पाइपलाइन संरचनाहरुको निर्माणको अतिरिक्त घरघरमा निशुल्क धारा जडान कार्य गरिरहेको छ । निर्माण कार्यको सिलसिलामा खनिएका सडक खण्डहरुलाई मनसुनी वर्षा सुरुहुनुपूर्व नै पुनर्स्थापना गरी कालोपत्रे गर्ने कार्य तीब्र गतिमा भइरहेको छ। यस क्रममा विभिन्न सडक खण्डहरु कालोपत्रे भइसकेका छन् भने बाँकी रहेका सडकहरुलाई पनि यथाशीघ्र कालोपत्रे गर्ने व्यवस्था मिलाइएको छ।

पाइपलाइन बिच्छ्याउने क्रममा सवारी साधन आवागमन र पैदलयात्रीलाई परिरहेको असुविधाप्रति संवेदनशील रहँदै त्यस्तो असुविधाका लागि निर्देशनालय क्षमाप्रार्थी छ । यस क्रममा हामीलाई विभिन्न रुपमा सहयोग गर्नुहुने सबै सरोकारवाला, सेवा प्रदायक तथा सर्वसाधारणप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

**आयोजना कार्यान्वयन निर्देशनालय**
**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड**
**अनामनगर, काठमाण्डौं**
**फोन नं: टेलिफोन: ४२२२९८६, ४२२४९८६ एक्सटेन्सन १३१,**
**फ्याक्स: ४२२४०५७**